**KMC Journal**
[A Peer-Reviewed, Open-Access Multidisciplinary Journal]
ISSN 2961-1709 (Print)
Published by the Research Management Cell
Kailali Multiple Campus, Dhangadhi
Far Western University, Nepal
DOI: https://doi.org/10.3126/kmcj.v5i2.58253

# नेपाली नारी कविका कवितामा नारीवाद

**रेखा रेग्मी**
नेपाली र नेपाली शिक्षा विषय समिति, म्याग्दी बहुमुखी क्याम्पस, बेनी
त्रिभुवन विश्वविद्यालय, नेपाल
Email: rekharpaudel@gmail.com

**लेखसार**

नेपाली नारी कविका कविताको विश्लेषणकेन्द्री यस लेखमा नेपाली नारी कवि, कविता र नारीवादजस्ता चर रहे पनि नारीवादअन्तर्गत पितृसत्ता, प्रतिनिधित्व र सत्तासम्बन्ध तथा विचारधाराको विश्लेषणमा केन्द्रित छ । धर्म, संस्कृति तथा आर्थिक आधारमा प्रभुत्व स्थापित गर्ने सामाजिक संरचनाको अभिव्यञ्जना नेपाली नारी कविका कविताको मुख्य कथ्यविषय रहेको छ । गुणात्मक अनुसन्धान, पाठविश्लेषणकेन्द्री विश्लेषण विधिको प्रयोग रहने यस लेखको सैद्धान्तिक आधार नारीवाद हो । नारीवाद नारीलाई केन्द्रमा राखी नारीमाथि भएका विभेदकारी सांस्कृतिक विधान, प्रभुत्वले स्थापित गरेका विचारधारा, दमनकारी भाष्यको निर्माण गर्ने वैचारिकी र नारी शोषणका कारण सृजित असमानताको प्रतिरोधी चिन्तन हो । नारीवादले सिद्धान्ततः पितृसत्ता, नारीअस्तित्व, लैङ्गिक निर्मिति, नारी भूमिका, जैविक संरचनाका आधारमा हुने विभेद, उत्पीडन, लैङ्गिक समविकासको उपेक्षा, नारी प्रतिनिधित्व र पहिचान, पुरुष वर्चस्व, वर्चस्वप्रति प्रतिरोधका साथै लैङ्गिक संरचनाका आधारमा हुने असमानतालाई विस्थापित गरी लैङ्गिक स्वतन्त्रता, समानता तथा पुरुषसरह नारीभूमिका स्थापित गर्ने सैद्धान्तिक मान्यता हो । यस सैद्धान्तिक आधारअन्तर्गत पितृसत्ता, प्रतिनिधित्व र सत्तासम्बन्ध तथा विचारधारा यस लेखको विश्लेषण ढाँचा हो । नेपाली नारी कविका कवितामा पितृसत्ताका कारण दमनमा परेका नारी र तिनको अवस्थाको चित्रण भएको छ । नेपाली नारी कविका कवितामा परम्परागत पितृसत्ताको विभेदकारी सांस्कृतिक अभ्यासका कारण दमित रहेका नारीको लैङ्गिक अवस्था जैविक नभई सांस्कृतिक निर्मितिका आधारमा सामाजिक भूमिका निर्धारण भई किनारीकृत प्रतिनिधित्वको प्रणालीभित्र पुरुष वर्चस्वको आधीन विषयको प्रस्तुति रहेको निष्कर्ष निकालिएको छ ।

***शब्दकुञ्जी :*** पितृसत्ता, प्रतिनिधित्व, सत्तासम्बन्ध, अधीनस्थ, विचारधारा

## परिचय

प्रस्तुत लेखमा नेपाली नारी कवि, कविता र नारीवाद मुख्य तीन चर रहे पनि यसमा नारी कविका कवितामा नारीवादको विश्लेषणसम्बद्ध रहेको छ । नेपाली सिर्जना परम्परामा नारीलेखकको

*Copyright 2023 ©Author(s)* *This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

उपस्थिति माध्यमिककालीन अवधिदेखि नै भएको छ भने आधुनिक नेपाली साहित्यको उन्नयनमा नारीस्रष्टाको भूमिका सह्रानीय रहेको छ । नेपाली सिर्जनामा पुरूष लेखककै तुलनामा शक्तिशाली भावाभिव्यञ्जना पाइने नारीस्रष्टा साहित्यका सबै विधामा समानान्तर साधनारत रहेका छन् भने त्यसमा पनि कवितालेखनतर्फ तिनको लेखनी विशेष सक्रिय रहेको पाइन्छ । कविता भावाभिव्यञ्जनाका साथै अभिव्यक्तिगत चुस्तता तथा संवेगात्मक प्रस्तुतिका लागि उपयुक्त माध्यम मानिने भएकाले पनि अधिकतर नारीस्रष्टाको रोजाइमा परेको विधा हो । कविता तीब्र सौन्दर्यानुभूति तथा कम आग्रह अभिव्यञ्जना हुने कलात्मक र रागात्मक साहित्यिक विधा हो । श्रुति र गायनबाट विकास भएको मानिने साहित्यिक विधाको सर्वप्राचीन रूप कवितामा जीवनजगत्का सम्पूर्ण पक्षका लयात्मक प्रस्तुति पाइन्छ । साहित्यिक विधाबीचको पारस्परिक अन्तर्सम्बन्धबाट विविध सार्विक घटकसहित आफ्नै विशिष्ट स्थानिक घटकसमेतको समन्वयबाट सिर्जना हुने भएकाले यसमा सौन्दर्यानुभूतिको तीब्र प्रवाह हुनाको साथै सौन्दर्यतत्व सघन रहने गर्दछ । जीवनजगत्को विराटतालाई रागात्मक एवम् लयात्मक ढाँचामा प्रस्तुत गर्ने कवितामा विचारतत्त्वका रूपमा मानवीय अनुभूतिप्रदत्त विविधता प्रस्तुत हुनेगर्दछ । भाषिक कलाका रूपमा रहने कवितामा नारीवादको विषय भाव, विचार तथा भाषाका माध्यमबाट प्रस्तुत हुने गर्दछ ।

नारीवाद राजनीतिक विषयका रूपमा स्थापित रहे पनि साहित्य तथा समालोचनाका अतिरिक्त खोजअनुसन्धानमा स्थापित सिद्धान्त हो । समाज, सामाजिक संरचना तथा यसका एकाइमा पुरूष वर्चस्वको प्रतिकार स्वरूप नारीभूमिका तथा अस्तित्व स्थापित गर्ने नारीकेन्द्री आन्दोलनबाट स्थापित भई लैङ्गिक समता र समानतालाई स्थापित गर्ने प्रयोजनबाट निर्देशित आन्दोलन भए पनि समकालीन अवधिमा यसको व्यापकताले धेरै क्षेत्रलाई प्रभावित तुल्याएको छ । नारीवाद र यस आन्दोलनले समाजमा महिला दोस्रो दर्जाको नागरिकका रूपमा भूमिकाविहीन र समान अवसरबाट बञ्चित तुल्याइएकोमा  यस्ता विभेदको अन्त्य गरी नारीपुरूष समान भूमिका र अस्तित्व पाउनुपर्दछ भन्ने विचारधाराबाट निर्देशित सामाजिक आन्दोलन हो । नारीवादले नारीलाई केन्द्रमा राखी पितृसत्ता, नारीअस्तित्व, लैङ्गिक निर्मिति, नारी भूमिका, जैविक संरचनाका आधारमा हुने विभेद, उत्पीडन, लैङ्गिक समविकासको उपेक्षा, नारी प्रतिनिधित्व र पहिचान, पुरूष वर्चस्व, वर्चस्वप्रति प्रतिरोधका साथै लैङ्गिक संरचनाका आधारमा हुने सबै प्रकारका असमानतालाई विस्थापित गरी स्वतन्त्रता समानता तथा पुरूषसरह नारी भूमिकालाई स्थापित गर्ने सैद्धान्तिक अवधारणा निर्माण गरेको छ । नेपाली नारी कविका कवितामा नारीवादको विषय सशक्त मुखरित रहेको पाइन्छ भने यो नेपाली समाजको आवाज रहेको पक्षलाई स्वीकार्नु पर्दछ । यस लेखमा नेपाली नारी कविका कवितामा नारीवाद मुख्य शोधसमस्याका रूपमा लिई त्यसको विवेचना गरिएको छ ।

प्रस्तुत लेखको मुख्य प्राज्ञिक समस्या नेपाली नारी कविका कवितामा नारीवादको अभिव्यक्ति कसरी भएको छ भन्ने जिज्ञासा नै हो । नेपाली नारी कवितामा अभिव्यञ्जित अन्तर्वस्तु, भाव, प्रवृत्ति तथा विविध सौन्दर्यचिन्तनका आधारमा भएको छ । नारीवादका कोणबाट नेपाली नारी कविका कविता अध्ययनीय रहेको विषय साङ्केतिक तथा प्रवृत्तिपरक अध्ययनका सन्दर्भमा भएका अध्ययनले यस विषयको रिक्ततालाई पुष्टि गरेको छ । यस लेखमा नेपाली नारी कविका कवितामा नारीवाद मुख्य शोधसमस्याको समाधानका लागि निम्नलिखित शोध्यप्रश्न निर्धारण गरिएका छन् ।

(क) नेपाली नारी कविका कवितामा पितृसत्ता केकस्तो छ ?

(ख) नेपाली नारी कविका कवितामा प्रतिनिधित्व र सत्तासम्बन्ध कसरी प्रस्तुत भएको छ ?

(ग) नेपाली नारी कविका कवितामा विचारधारा केकस्तो छ ?

प्रस्तुत लेखको मुख्य उद्देश्य नेपाली नारी कविका कवितामा अभिव्यञ्जित नारीवादको विवेचना र उक्त विषयको अर्थापन गर्नु रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत लेख सम्पन्न गर्नका लागि शोधक्षेत्र र सामग्री सङ्कलन तथा विश्लेषण विधिअन्तर्गत सामग्री विश्लेषणको दार्शनिक, सैद्धान्तिक तथा विश्लेषणका पद्धतिसम्बद्ध विषयलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### सामग्री सङ्कलन र विश्लेषणविधि

प्रस्तुत लेख पुस्तकालयीय कार्य रहेको छ भने यसका लागि प्राथमिक र द्वितीयक स्रोतका सामग्री रहनेछन् । प्राथमिक स्रोतअन्तर्गत नारीस्रष्टाका कविता रहेका छन् भने यसका लागि २०४६ सालको राजनीतिक परिवर्तनपछि प्रकाशित भएका नेपाली नारी कविका कविता विश्लेषणका सामग्री हुन् । यसका लागि २०४६-२०६१ अवधिमा प्रकाशित कविताको सोद्देश्य पठन गरी चयन भएका सामग्रीको विश्लेषण भएको छ । यस चरणमा प्रकाशित नारी कविका कवितामा पितृसत्ता, नारी प्रतिनिधित्व र सत्तासम्बन्ध तथा विचारधाराको प्रस्तुति सघन रहेका कवितामध्येबाट पाँचवटा मात्र चयन गरिएको छ । कविता चयनका लागि कथ्यप्रस्तुतिगत सघनताका साथै कविको सिर्जनागत पृष्ठभूमिलाई पनि आधार मानिएको छ । यस लेखको प्रयोजनका लागि पारिजातको मानुषी, कुन्ता शर्माको पोथी बास्नु हुँदैन, बेञ्जू शर्माको लोग्ने मानिसहरू, उषा शेरचनको समुद्र र बादल तथा पञ्चकुमारी परियारको मेरो तस्बिर खिच अध्ययनीय सामग्रीका रूपमा चयन गरिएका छन् । यस लेखका लागि सामग्रीको सङ्कलन सोद्देश्य विधिअन्तर्गत नेपाली नारी कविका कवितामा पितृसत्ता, प्रतिनिधित्व र सत्तासम्बन्ध, र विचारधारा सघन रहेका कविता चयन गरिएको छ । विश्लेषणका लागि निर्धारण गरिएका मानकसँग सम्बन्धित सघन कथ्य प्रस्तुत भएका उद्धरणको चयन गरी तिनका आधारमा नारीवादको विवेचना गरिएको छ । द्वितीयक सामग्रीअन्तर्गत सैद्धान्तिक पर्याधार निर्माण गर्ने प्रयोजनसँग सम्बन्धित सामग्री रहेका छन् । कृतिश्लेषणको मुख्य सिद्धान्तका स्थानमा नारीवाद रहेको छ । प्रस्तुत लेखको दार्शनिक आधार नारीवादको पृष्ठाधार तयार गर्ने विभिन्न सामाजिक दर्शन तथा तिनले निर्धारण गरेको सैद्धान्तिक मान्यता नै हो । नारीवादले साहित्यकेन्द्री मानकका रूपमा विविध विषयलाई स्थापित गरे पनि पितृसत्ता, प्रतिनिधित्व र सत्तासम्बन्ध तथा विचारधाराका अतिरिक्त अन्य मानक यस लेखका सीमा हुन् । यस लेखको सैद्धान्तिक पर्याधार अन्तर्गत पितृसत्ता, प्रतिनिधित्व र सत्तासम्बन्ध तथा विचार धारा विश्लेषणका ढाँचा हुन् । चयन गरिएका कविताको विश्लेषणसँगै लेखको पूर्णताका लागि पाठविश्लेषणकेन्द्री गुणात्मक अनुसन्धानपद्धतिको उपयोग भएको यसको पूर्णताका लागि विवेचना, विश्लेषण, र मूल्याङ्कनका लागि वर्णनात्मक र विश्लेषणात्मक विधिको उपयोग गरी नेपाली नारी कविका कविता नारीवादको विषयलाई अर्थापन गरिएको छ ।

## सैद्धान्तिक आधार

नारीवाद सामाजिक आन्दोलन र त्यसबाट निर्देशिष ज्ञानमीमांसाबाट निर्माण भएको विषय रहेकाले यसले सामाजिक संरचना र त्यसका एकाइमा विद्यमान लैङ्गिक विषयलाई अध्ययनको आधार मान्दछ । नारीवाद र यसको सैद्धान्तिक पक्षको अध्ययन मेरी वुल्स्टोनक्राफ्टको अ भिन्डीकेसन अफ उमन (१७९२) पुस्तकमा पितृसत्ताविरोधी अभिमत तथा लैङ्गिक विभेदको पहिलो कारक तत्कालीन पाठ्यक्रममा विभेद रहेको विषय प्रस्तुत गरेपछि समालोचनामा प्रवेश भएको मानिन्छ । वुल्स्टो नक्राफ्टको नारीविरोधी पाठ्यक्रम विरोधी अवधारणा प्रस्तुत भएको लामो समयपछि यस दर्शनले साहित्यिक समालोचनामा स्थान प्राप्त गरेको हो । साहित्यमा नारीवाद राजनीतिक विषयबाट प्रवेश गरेको हो भने समकालीन समालोचनामा यसका विविध शाखा तथा अध्ययनपद्धति विकास भएको छ । नारीवाद आधारभूत रूपमा नारी शिक्षा, शिक्षाक्षेत्रमा प्रचलनमा रहेका पाठ्यक्रमले समेटेका पुरूष वर्चस्व र साहित्यले समाजको प्रतिबिम्ब प्रस्तुत गर्ने क्रममा नारीको विषयलाई विषयका रूपमा नभई विषयी र वस्तुका रूपमा विवेचना गरिने संस्कृतिको निर्माणबाट मात्रै नारीअस्तित्व तथा समानता स्थापित हुन सम्भव रहने विषय हो (क्राफ्ट, सन् १९९२, पृ. २३) । नारीवाद लिङ्गलाई प्राकृतिक वा जैविक निर्मिति मान्दछ भने नारीको जैविक निर्मितिलाई पुरूष वर्चस्वले स्वीकार गर्न नसकेको विषयप्रति प्रतिरोधी दर्शन हो । यस सन्दर्भमा नारी प्राकृतिक रूपले पुरूष समान सक्षम र जुनसुकै कार्यका लागि पुरूषका निम्ति चुनौति बन्न सक्ने विषय बनेको छ । पुरूषको अनुकम्पित नभई कार्य गर्न नसक्ने वस्तुका रूपमा अवमूल्याङ्कन भएको विषयमा पनि नारीवादको असहमति रहेको छ । समकालीन नारीवाद विभिन्न धारा तथा दर्शनका आधारमा वर्गीकृत रहे पनि तिनको सारस्वरूप नारीलाई किनारीकृत गर्ने दर्शन, सिद्धान्त, सामाजिक संरचना तथा विचारधारा विरोधी आन्दोलन तथा त्यसका आधारमा साहित्यको अनुसन्धान गर्ने पद्धति गतिशील रहेको छ । नारीवादको अध्ययनक्षेत्रका रूपमा पितृसत्ता, लैङ्गिकतासँग जोडिने समग्र विषय, प्रतिनिधित्व तथा विचारधारा सशक्त मानक रहेका छन् ।

पितृसत्ता शाब्दिक तथा पारिभाषिक अर्थका रूपमा सामाजिक संरचनामा पिता अर्थात् पुरूषको सत्ता वा वर्चस्वलाई बोध गराउने शब्द हो । पितृसत्ता मान्छेले एकल जीवनबाट सामूहिक जीवन आरम्भ गरेपछि समूहको व्यवस्थापन, नियन्त्रण तथा परिचालनका लागि लैङ्गिक वर्चस्व स्थापित गरी मुखिया मान्ने परम्पराको निर्माणसँगै भएको हो । पितृसत्ता परम्परागत रूपमा विकास, निर्धारण एवम् क्रियाशीलता स्थापित भएपछि शक्तिको केन्द्रमा रहने निर्णायक लैङ्गिक वर्ग नै सत्ताका रूपमा स्थापित भई त्यसमा पुरूषको आधिपत्य कायम भएपछि लिङ्गकेन्द्री व्यवस्थाका रूपमा पितृसत्ताको जन्म भएको हो । पितृसत्ता पुरूष वर्चस्वलाई स्थापित गर्ने शब्दमात्र नभई मात्र परिवारमा कसको वर्चस्व छ भन्ने पक्षको पृष्ठपोषण गर्ने विषय हो । “पितृ र सत्ताको सामसिक प्रक्रियाबाट निर्माण भएको यस शब्दको शाब्दिक अर्थ पिताको शासन वा सत्ता भन्ने अर्थ निष्पादित रहे पनि यसको समकालीन अर्थले पुरूषको शासन वा वर्चस्वको बोध गराउँदछ (लर्नर, सन् १९८६, पृ. २३९)” । पितृसत्ता सामाजिक संरचनामा रहेको सांस्कृतिक अभ्यास तथा नारी दमनका लागि नियोजित रूपमा विभेदकारी नियम बनाई नारीमाथि गरिने शोषणलाई संस्थागत गर्ने विचारधारा हो । पितृसत्ताले पुरूष वर्चस्व स्थापनाका लागि बाध्यात्मक

र बन्धनकारी नियमको निर्माण गर्ने संस्थाका रूपमा सामाजिक संरचनाका हरेक एकाइमा आफ्नो उपस्थिति तथा भूमिकालाई शक्तिशाली तुल्याई नारीलाई नियन्त्रित तथा शक्तिहीन तुल्याउने ज्ञानको निर्माण र संस्कृतीकरण गरेको छ । "नारीमाथिको आर्थिक शोषण, सामाजिक विभेदका विविध रूपहरू, भेदभाव र नियन्त्रण, हिंसा, असम्मान, दमन आदि पितृसत्तात्मक सामाजिक संरचनाका विशेषता रहेका छन् (पाण्डे, २०६९, पृ. ११)" । जैविक निर्मितिका आधारमा नारी र पुरूषबीच पुनरूत्पादनको भूमिकामा आंशिक भिन्नता रहे पनि सामाजिक वा सांस्कृतिक निर्मितिका कोणबाट यिनको भूमिका समानान्तर शक्तिशाली छ । पितृसत्ता समाज, प्रथा, प्रचलन, रीतिरिवाज तथा परम्पराद्वारा सञ्चालित हुन्छ भन्ने मान्यताका आधारमा नारीविरोधी ज्ञान तथा अभ्यासको निर्माण गरी नारी भूमिकालाई पुरूषमा आश्रित तुल्याउने मान्यता हो छ । "जुलियट मिसेलको कथनमा पितृसत्तात्मक शक्तिले महिलाहरूमा हीन भावना उत्पन्न गराउँदछ । सिल्बिया बिल्बीका कथनमा पितृसत्ता पुरूषले नारीमाथि आफ्नो वर्चस्व कायम गरी दमन र शोषण कायम गर्ने सामाजिक विचारधारात्मक व्यवस्था रहेको छ (भासिन, सन् २०११, पृ. ५)" । सामाजिक संरचनामा प्रभुत्व र अधिनस्थताको अन्तरसङ्घर्षमा नारीको प्रकृति तथा उसले निर्वाह गर्नुपर्ने जैविक भूमिकाका आधारमा सांस्कृतिक बन्धनमा पार्ने पितृसत्ता नारीमुक्ति तथा नारी स्वतन्त्रताको प्रतिपक्षी विचारधारा रहेको छ । नारी घरेलु भूमिकामा मात्र सीमित तथा पुनरूत्पादन प्रक्रियाका लागि मात्र पुरूषका सहयात्री हुने भएकाले नारीभूमिका सामाजिक संरचनाका लागि उत्पादक नहुने विचारधाराको निर्माण गर्ने पितृसत्ता नारीमाथि विभेद तथा वञ्चितीकरणलाई संस्थागत गर्ने विषय हो । पितृसत्ता नारीलाई अधिनस्थ मान्ने सांस्कृतिक अभ्यासका साथै लैङ्गिक भूमिकाका दृष्टिले नारी प्रतिनिधित्व विरोधी मान्यताका रूपमा लिई पुरुषसरह नारी प्रतिनिधित्वको खोजी र स्थापना पक्षधर सिद्धान्त हो ।

लैङ्गिक प्रतिनिधित्वको विषय सामाजिक संरचनामा लैङ्गिक उपस्थिति तथा तिनको स्वतन्त्र पहिचानसँग सम्बन्धित विषय रहेको छ । परम्परा तथा संस्कृतिका नाममा नारीको अप्रतिनिधित्वको विषयलाई स्थापित गर्ने पितृसत्ता नारीपहिचानको बाधक रहेको छ । पितृसत्तात्मक विचारधाराले लैङ्गिक भूमिकाका आधारमा नारी तथा पुरूषका बीचमा निर्माण गरेको भाष्य नै विभेदकारी रहेकाले नारी सीमित तथा पुरूष असीमित शक्तिको अधिपति बनेको हो । परस्परागत पितृसत्ताले नारी र पुरूषसम्बद्ध भाष्य नै पृथक् निर्माण गरेको छ । परम्परागत पितृसत्ताले नारीलगायत अन्य प्रतिनिधित्वलाई परिभाषित गरेको विषयलाई विन्दु पोखरेल र मिरा मिश्रले यसप्रकार प्रस्तुत गरेका छन् –

> नारी कोमल, सहनशील, निरीह, कमजोर, परनिर्भर, परावलम्बी, रक्षिता, निष्क्रिय, आकाङ्क्षार हित, डरपोक र रून्चे प्रकृतिकी प्रतीकका रूपमा परिभाषित रहेकी छ। यसका अतिरिक्त असक्षम, भावावेशयुक्त, विचारमा गतिशीलता, पालित, पुरूषकी सहयोगी, सुसारे, पुरूषको मनोरञ्जनको साधन वा वस्तु, नोकर्नी, पुरूषमा परनिर्भर तथा उसकै भाग्यको सहारामा बाँच्ने, पारिवारिक परिवृत्तमा मात्र सीमित तथा यसैमा रमाउन चाहने स्वाभाव तथा आफ्नो स्वतन्त्र इज्जत तथा यसको अपेक्षा नगर्ने घरेलु प्राणीको पहिचान प्राप्त लैङ्गिक प्रतिनिधित्व तथा पहिचान नारीलाई प्राप्त रहेको छ। (पौडेल र मिश्र, २०६७, पृ. १० ) ।

नारीवादमा प्रतिनिधित्वलाई साहित्यिक पाठमा पात्रको उपस्थिति र भाषाका माध्यमबाट हेरिन्छ । प्रतिनिधित्व र सत्तासम्बन्धलाई बेलायती सांस्कृतिक अध्ययनले सांस्कृतिक आधार प्रदान गरेको हो भने नारीवादमा यो अन्तर्अनुशासनका रूपमा प्रवेश भएको विषय हो । नारीवादले साहित्यमा प्रतिनिधित्वअन्तर्गत विचार, लैङ्गिक भूमिका, सत्तासम्बन्ध, वर्चस्व, अधिनस्थता, पहिचान, लैङ्गिक दृष्टिकोण, केन्द्र-किनाराका साथै लैङ्गिक सम्बन्धको अध्ययन गर्दछ । प्रतिनिधित्व भाषाका माध्यमबाट संसारलाई अर्थपूर्ण ढङ्गले व्यक्त गर्नु हो (हल, सन् २०१०, पृ.१५) प्रतिनिधित्व भाषिक सङ्केत व्यवस्थाका आधारमा व्यक्तिगत सम्बन्ध र भूमिकालाई खोज्ने अध्ययन पद्धति हो । “साहित्यिक कृतिमा लैङ्गिक प्रतिनिधित्व हेर्दा कृतिमा नारीपुरूषको सङ्ख्यात्मक उपस्थिति, कार्यभूमिका, सत्ता र अधीनस्थता तथा वास्तविकतालाई आधार बनाइनु पर्दछ” (शर्मा, २०७८, पृ.१६२) । पाठले प्रस्तुत गर्ने अर्थको खोजी गर्दा त्यसैका आधारमा प्रतिनिधित्वको खोजी गरिन्छ । “सांस्कृतिक अध्ययनमा नारी, दलित, सीमान्तीकृत आदिको प्रतिनिधित्व पाठमा उनीहरूको निश्चित सन्दर्भसहित हुन्छ र यसले उनीहरूको अवस्थालाई देखाउँछ” (गिरी, २०७०, पृ.२८) । नारीवादमा प्रतिनिधित्वको खोजी गर्दा पाठमा उपस्थित पात्रले कुन लिङ्गको कसरी प्रतिनिधित्व गरेका छन् भन्ने कुराको अध्ययन गरिन्छ । “साहित्यमा प्रतिनिधित्वको खोजी किनाराका समुदाय (निम्न वर्ग, दलित, जनजाति, महिला) वा अल्पसङ्ख्यक समूहका माध्यमबाट हुनसक्छ । साहित्यमा उपस्थित चरित्रबाट नै प्रतिनिधित्वको खोजी कार्य सम्भव हुन्छ” (भट्टराई, २०७०, पृ.३३६) । उल्लेखित प्रतिनिधित्व सम्बन्धी अभिमतहरूलाई समन्वीकरण गरी हेर्दा साहित्यमा महिला, पुरूषको प्रतिनिधित्व कसरी भएको छ, पाठमा पात्रहरूको प्रतिनिधित्व कुन आधार र अवस्थामा भएको छ त्यसको अध्ययन प्रतिनिधित्वले गर्दछ । प्रतिनिधित्वअन्तर्गत सामाजिक संरचनाको निर्माण अनुसार व्यक्ति वा समूहको उपस्थिति मौन वा वाचाल कुन रूपमा भएको छ, कृतिमा प्रतिनिधित्व गरेका पात्रको अस्तित्व र अवस्था कस्तो छ, ती केन्द्रीकृत वा किनारीकृत कुन अवस्थामा रहेका छन्, लेखकीय विचार धारा कस्तो छ ? भन्ने विषयको अध्ययन गरिन्छ । कुनै पनि पाठमा महिला, पुरूष र तेस्रोलिङ्गीको उपस्थिति, कार्यभूमिका, शक्तिसम्बन्ध, भाषा प्रयोग तथा विचारधाराका माध्यमबाट प्रतिनिधित्वको अध्ययन गर्न सकिन्छ ।

विचारधारा ग्रिसेली ज्ञानमीमांशासँग जोडिई विकसित भएको दर्शन हो । विचारधारा आधुनिक सामाजिक दर्शनका रूपमा विकसित हुनुको श्रेय बेलायती पुँजीवादी राजनीतिक, आर्थिक संरचना, फ्रान्सेली राज्यक्रान्ति, जर्मनेली आध्यात्मिक आदर्शवादी दर्शनलाई जान्छ । “अठारौं शताब्दीमा युरोपमा राजनीतिक, कानुनी, सौन्दर्यात्मक, धार्मिक विचारहरूको प्रणाली एवम् दर्शनका रूपमा स्थापित विचार धाराको विस्तृत चर्चा वैज्ञानिक समाजवादका प्रणेता कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले गरेका हुन्” (गिरी, २०७०, पृ. ३०) । विचारधाराको विकाशशील सन्दर्भ मार्क्सवादी दर्शनमा पृथक् मत राख्ने इटालेली मार्क्सवादी एन्टोनियो ग्राम्सीका चिन्तनसँग पनि जोडिन्छ । विचारधारा नै समाज सञ्चालनको महत्त्वपूर्ण आधार हो । मानवीय सामाजिक संरचना र संवेदनासँग जोडिने विचारधारा मान्छेका विचार, तिनका मूल्यका अतिरिक्त अन्य केही होइन भने मानव संवेदनामा विद्यमान संशयले विचार धारा निर्माणको आधारको कार्य गर्ने यसको निर्माणका लागि सामाजिक प्रथा, प्रचलन, धार्मिक आस्था र विश्वासले प्रकार्यात्मक भूमिका खेलेका हुन्छन् (ग्राम्सी, सन् १९७१, पृ. १५) । मार्क्सको सामाजिक

संरचना निश्चित घटनाद्वारा निर्माण र निर्धारण हुन्छ भन्ने मान्यतासँग ग्राम्सीको असहमति रहेको छ । विचारधाराका सम्बन्धमा ग्राम्सीको विचार लुईस अल्थ्युसरको अवधारणाको निकट पाइन्छ । सामाजिक संरचनामा विचारधाराको स्वायत्तता आधार र उपरि संरचनालाई जोड्ने विषय हो । विचारधाराले संस्कृतिका माध्यमबाट उत्पादन पद्धति मानिने आधारलाई गतिशील तुल्याउँछ एकअर्कामा भिन्न रहे पनि परस्परमा अन्तर्सम्बन्धित अवधारणा संयोजनका रूपमा विचारधाराले सामाजिक संरचनालाई निर्देशित गर्दछ (अल्थ्युसर, सन् १९७०, पृ. ७) । विचारधारा राजनीतिक विषय भएकाले यसको प्रभाव राजनीतिका माध्यमबाट सामाजिक संरचनाका सबै तहमा पर्ने गर्दछ । मानवीय संवेदनासँग प्रत्यक्ष जोडिने साहित्यमा यसको प्रभाव संस्कृतिका रूपमा रहने गर्दछ । साहित्यमा विचारधारा कृतिमा समाज, सामाजिक संरचना र सामाजिक संस्कृतिलाई कुन रूपमा चित्रण भएको छ भन्ने पक्षका आधारमा खोजिने विषय हो । पाठमा प्रयुक्त विचारधाराको खोजी सत्तासम्बन्ध, वर्चस्व र अधिनस्थता, विभेद र वञ्चितीकरणका अतिरिक्त समाज र सामाजिक संरचनाप्रतिको लेखकीय दृष्टिकोणका आधारमा गरिन्छ ।

**अर्थापनको ढाँचा**

| क. सं. | शोधसमस्या | विश्लेषणको ढाँचा |
|---|---|---|
| १. | नेपाली नारी कविका कवितामा नारीवाद | कवितामा पितृसत्ता<br>कवितामा प्रतिनिधित्व र सत्तासम्बन्ध<br>कवितामा विचारधारा |

उपर्युक्त विश्लेषण ढाँचाका आधारमा नेपाली नारी कविका कविताको विश्लेषण अलग्गै उपशीर्षकमा गरिएको छ ।

## नतिजा र विश्लेषण

प्रस्तुत लेखको शोधक्षेत्र नेपाली नारी कविका कवितामा नारीवादको विश्लेषण हो । यस लेखको पूर्णताका लागि नेपाली नारी कविका कवितामध्येबाट पारिजातको मानुषी, कुन्ता शर्माको पोथी बास्नु हुँदैन, बेञ्जू शर्माको लोग्ने मानिसहरू, उषा शेरचनको समुद्र र बादल तथा पञ्चकुमारी परियारको मेरो तस्बिर खिच चयन भएका छन् । विश्लेषणका लागि चयन भएका उपर्युक्त कवितामा रहेको अन्तर्वस्तु नारीवादको सैद्धान्तिक पर्याधारका आधारमा विश्लेषणीय रहेको तथा यी कविताका सापेक्षमा अन्य कविताहरू अध्ययनका लागि शक्तिशाली रहेको पक्ष पर्यावलोकनबाट प्राप्त भए पनि अध्ययनको आफ्नै सीमाका कारण ती कविता चयनमा नपर्नु यस लेखको सीमा बनेको छ । विश्लेषणका लागि चयन भएका कवितामध्ये मानुषी कविता नारीको उदार र उदात्त चरित्रले हस्तान्तरण गरेको सत्तालाई दुरुपयोग गरी नारीमाथि वर्चस्व स्थापना गर्ने पुरुषको बद्नियतपूर्ण संस्कृतीकरणको अभ्यासप्रति आक्रोस अभिव्यक्त भएको कविता हो । कुन्ता शर्माको पोथी बास्नु हुँदैन कवितामा एकाधिकार र सर्वसत्तावादी नियन्त्रण गर्ने पितृसत्तात्मक विचारधाराप्रति सशक्त प्रतिरोधसहितको नारी प्रतिनिधित्व र नारीको लैङ्गिक सर्वोच्चताको प्रस्तुति भएको छ । बेञ्जू शर्माको लोग्ने मान्छेहरू कवितामा समाजको दमनलाई प्रतिकार गर्न नसक्ने हुतिहारा पुरुष आफ्नो दम्भ र समाजको दमन परिवारमा

रहेका नारी र बालबालिकामाथि प्रभुत्व स्थापित गरी आफूलाई शक्तिशाली देखाउने सन्दर्भसँग सम्बन्धित रहेको छ । उषा शेरचनको समुद्र र बादल कविता नारीलाई असहाय र निरूपाय ठान्ने पितृसत्ताको विचारधारात्मक दमनविरुद्ध नारीअस्तित्व र पुरुष उत्पीडन विरुद्ध प्रतिकार प्रस्तुत भएको कविता हो । पञ्चकुमारी परियारको मेरो तस्बिर खिच कवितामा नारीलाई कठपुतली मानी आफ्नो स्वार्थअनुकूल प्रयोग गर्ने पुरुष विचारधाराको निन्दा, नारीलाई पुरुषसरह भूमिका दिनुपर्ने आवाजका साथै लैङ्गिक न्यायका लागि वर्तमान सामाजिक संरचना र यसको विचारधारात्मक परिवर्तनको अपरिहार्यता प्रस्तुत भएको कविता हो । यस अर्थमा नेपाली नारी कविका कविता नारीवादका कोणबाट अध्ययनीय शोधक्षेत्र रहेको स्पष्ट हुन्छ भने नारी कविका कवितामा प्रस्तुत नारीवादको विषयलाई पितृसत्ता, प्रतिनिधित्व र सत्तासम्बन्ध तथा विचारधाराका कोणबाट अलग उपशीर्षकमा विवेचना गर्नसकिन्छ ।

**कवितामा पितृसत्ता**

लैङ्गिक संरचनाका कोणबाट नेपाली समाजको सामाजिक संरचनागत अवस्थालाई नियाल्दा केन्द्र र किनारमा द्विलिङ्गी संरचना छ भने किनाराका समुदायका पनि विविध रूप छन् । नेपाली समाजमा लिङगगत वर्चस्व पुरुषकेन्द्र अर्थात् पुरुषकेन्द्री सत्तामा आधारित छ भने पितृसत्ता नै यसको मुख्य विचारधारा हो । परिवारमा पिताको सत्ता अर्थात् वर्चस्वलाई स्थापित गर्ने विषयका रूपमा नारीवादी आन्दोलनले अङ्गीकार गरेको सिद्धान्त पितृसत्ता हो भने अन्तरअनुशासनका रूपमा यो विषय साहित्यले प्राप्त गरेको हो । साहित्यमा पितृसत्ता अन्तर्वस्तु, भाव, भाषा, उद्देश्य र सारतत्त्वका रूपमा प्रस्तुत हुने गर्दछ । नेपाली नारी कवितामा पितृसत्ता र यसको आवरणमा सञ्चरित विचारधारात्मक अभ्यासको सशक्त प्रस्तुति भएको पाइन्छ । नेपाली कवितामा पितृसत्ताको प्रस्तुति आधुनिक नेपाली नारी कविताअन्तर्गत सिर्जना गर्ने अधिकतर नारी स्रष्टाका सिर्जनामा अभिव्यञ्जित भए पनि विभिन्न भावधारा र तिनको परिचर्चाका कारण सो विषय ओझेलमा परेको देखिन्छ । प्रतिरोध चेतनासहित पितृसत्ता र यसको उपस्थितिलाई विश्लेषण गर्ने नेपाली नारी कविका कवितामा पितृसत्ताको विषय अन्तर्वस्तुमा प्रस्तुत भएको छ । सामाजिक संरचनामा पुरुषको भूमिकालाई स्थापित र महिमामण्डित गरी नारी भूमिकालाई नगन्य मान्ने परम्परावादी पुरुष सोच र न्युनतम नारीमैत्री बन्न नसकेको सांस्कृतिक अभ्यास समकालीन नेपनली नारी कविका कवितामा नारीलाई भौतिक रूपमा मात्र नियन्त्रणको प्रयासमा केन्द्रित नरही नारीका सोच, अनुभव, अनुभूतिसमेतमा पुरुषकै आधिपत्य रहने असमान संस्कृतीकरणको चित्रण भएको छ । नारीपुरुष सत्तासम्बन्धमा पुरुषको यशोगान र भक्तिमा समर्पित हुनैपर्ने सामाजिक संस्कृतिको चित्रण निम्नलिखित कवितांशमा भएको छ –

टेक गर्नु हुँदैन
थुनछेक गर्नु हुँदैन
मालिक-मालिक रट्नुपर्छ
यन्त्रजस्तो भएर खट्नुपर्छ
नयाँ परिवेशमा टेक्नु हुँदैन
पोथी बास्नु हुँदैन ।

एकदमै अनिष्ट हुन्छ
नीतिनियम रूष्ट हुन्छ
ठुलो अवरोध सहन गर्नुपर्छ
बाधाविरोध वहन गर्नुपर्छ
सपना तुहिन सक्छ
जीवन चुँडिन सक्छ
ओथारोको अन्डा त्यसै कुहिन सक्छ
चल्लाको कलिलो जीवन नफुल्दै झर्न सक्छ
प्रहार हुन सक्छ, संहार हुन सक्छ
त्यसैले चेतनाको डाँक बोल्नु हुँदैन
अन्धकारले पर्दा खोल्नु हुँदैन
पोथी बास्नु हुँदैन ।

शर्मा, (२०७४). पोथी बास्नु हुँदैन. प्रज्ञा आधुनिक नेपाली कविता. पृ. २६२-२६३

प्रस्तुत उद्धरण समकालीन नेपाली सामाजिक सन्दर्भमा नारीको अवस्थिति कस्तो छ भन्ने पक्षको चित्र मात्र नभई नारी अनुभव, अनुभूति तथा तिनको सोचसमेतमा आधिपत्य स्थापित गर्ने पितृसत्ताको विभत्स पक्षको उद्घाटनमा केन्द्रित रहेको छ । लिङ्गका आधारमा भाले र पोथी संस्कृतिका सम्बन्धमा अलग्गै भाष्यलाई अवलम्बन गर्ने सामाजिक संरचनामा पुरुषका प्रत्येक कार्य र तिनको नारीप्रतिको दृष्टिकोणलाई स्वीकार गर्नुपर्ने संस्कृतिले पितृसत्ताको समकालीन अवस्था तथा त्यसको विचारधारात्मक स्थितिको भयावह अवस्थालाई प्रस्तुत गरेको छ । समकालीन नेपाली नारी कविका कवितामा प्रस्तुत भएको यो अवस्था सीमित परिवार वा सामाजिक संरचनामा मात्र नभई सिङ्गो मानव समाजमा दैनिक घटित हुने विषय हो । नारीलाई पुरुषको आशयअनुसार बोल्नु, हिँड्नु, चल्नु र व्यवहार गर्नुपर्ने अवस्था प्रस्तुत भएको यस उद्धरणले पितृसत्ताको विकराल अवस्था कुन हदसम्म नारीविरोधी ज्ञान उत्पादन गर्न क्रियाशील रहेका छ भन्ने पूर्वानुमान लगाउन सकिन्छ । यस कवितांशमा प्रस्तुत भएको घटना त एउटा प्रतिनिधि विषय मात्र हो । यसप्रकारको अभ्यासका कारण नारीको दयनीय स्थिति विभेदको म्रमुख कारक बनेको छ भने यसप्रकारका परिघटना नारीमैत्री समाजव्यवस्था निर्माणका लागि प्रत्युत्पादक अभ्यास हो भन्ने मान्न सकिन्छ । लैङ्गिक सहअस्तित्वको संस्कृतिले मात्र समाजमा लिङ्गमैत्री परिस्थिति निर्माण हुनसक्ने मान्यतालाई उपहास गर्ने परम्परागत संस्कृतिको अवलम्बन गर्ने अभ्यासको जड पितृसत्ता रहेको विषय निम्नलिखित कवितांशले प्रस्तुत गरेका छन् -

तिमी र म एउटै होइनौँ
एक-अर्काका पूरक मात्र हौँ
त्यसैले तिमी मेरा थुप्रै अनुभूतिहरूका भागीदार हुन सक्दैन
म तिम्रो मातृदेहसँग जिउँदै मर्न सक्छु
म तिमीहरूको सामूहिक बलात्कार खपेर बाँच्न पनि सक्छु

तिमीलाई त त्यस्तो कहिल्यै भएन
तिमीले रजस्वलाको कष्टप्रद क्षण भोगेका छैनौ
तिमीलाई आफ्नो अस्मिताको जोखिम उठाउन पर्दैन
तिमीलाई गर्भधारणको अतिशय पट्यारलाग्दो अवधि थाहा छैन
तिमीलाई प्रसवकालको सीमातीत कष्ट भोग्न पर्दैन
हो, म तिमीबिना आमा बन्न सक्दिनँ
तर मैले तिमीलाई बाबु बन्ने श्रेय दिएकी छु ।
तथापि तिमी त्यो नैसर्गिक मातृत्व बुझ्दैनौ
त्यो मेरो, नितान्त... मेरो अनुभूति हो ।

पारिजात (२०७४). मानुषी. प्रज्ञा आधुनिक नेपाली कविता. पृ. १२०

नारीलाई घरघराना र इज्जतका नाममा भूमिकाविहीन तुल्याउने पितृसत्ताको भूमिकामाथि संशय तथा लैङ्गिक सहअस्तित्वलाई अस्वीकार गर्ने पुरुषकेन्द्रलाई पुरुष पुरुष हुनुको इतिहास तथा त्यसमा नारीको योगदानलाई प्रस्तुत गर्ने यस उद्धरणमा नारीबिना पुरुषको औचित्य नै नरहने तथा नारीलाई कोमल र कातर मान्ने विषयको उत्तर प्रस्तुत भएको छ । पुरुष पुनर्उत्पादनका लागि कम भूमिका र क्रियाशील रहने तथापि महिलाको भूमिकालाई नै गौण देख्ने सांस्कृतिक अभ्यासका आधारमा नारी अनुभवलाई उपेक्षा गर्ने परम्पराप्रति आक्रोश अभिव्यक्त भएको यस उद्धरणले नारीका प्राकृतिक गुणलाई समेत स्वीकार गर्न नसक्ने पुरुष र उसको विचारधारा नारीमैत्री हुन नसक्नु नै पितृसत्ताको महत्त्वपूर्ण अवगुण रहेको धारणा प्रस्तुत गरेको छ । नारीको भूमिका पुरुषका तुलनामा विविधतायुक्त छ भने उक्त विविधताकै आधारमा नारीलाई कमजोर र पुरुषलाई शक्तिशाली मान्ने प्रथाप्रति असन्तुष्टि व्यक्त भएको यस उद्धरणमा पुरुष वर्चस्वले पुरुषाश्रित पहिचान दिने नारी नै वास्तविक पुरुषकी पहिचानदाता हो यसर्थ पुरुषबिना नारीको पहिचान र अस्तित्व स्थापित रहे पनि नारीबिना पुरुको अस्तित्व र औचित्य नै नरहने वास्तविकता चित्रण भएको छ । समकालीन नेपाली नारी कवितामा अभिव्यञ्जित पितृसत्ताको प्रस्तुति नारीपुरुष सहअस्तित्वको अभिव्यञ्जनासँग जोडिएर भएको छ भने यो यस चरणका नारीस्रष्टाका सिर्जनाको अन्तर्वस्तु पनि हो । नारीअस्तित्वलाई पुरुषकै नियन्त्रित वस्तु ठान्ने पुरुषको नारीमाथिको हैकम र नियन्त्रणको अभ्यासमा रेखाङ्कन हुने पितृसत्ताको उपस्थिति निम्नलिखित कवितांशको अन्तर्वस्तु बनेको छ :

दिनभरको लछारपछार
छडीको पिटाइसँगै
पाइला चलाएको बिर्सेर
रबाफका साथ
ठुलो शरीर
बिछ्यौनामा बिसाउने गर्छौ
अलिकति दाता र परालसँगै

बोलीको मीठो महमा
झिँगो बनेर डुब्ने तिमीहरू
कहिले जुवाले
साह्रो खेत जोत्छौ
कहिले बिछ्यौनामा जोत्छौ

शर्मा, २०७४, लोग्ने मानिसहरू, प्रज्ञा आधुनिक नेपाली कविता, पृ. ३०१

नारीमाथि सांस्कृतिक र विचारधारात्मक सत्ता स्थापित गरेको अनुभव र अभ्यास प्रदर्शन गर्ने पुरुष आफैँमा दमित र अधिनस्थ रहेको तथापि त्यसको प्रभाव सामाजिक संरचनामा स्थापित गर्न नसकेको रोष आफैँमा आश्रित नारी र बालबालिकामाथि नियन्त्रणको प्रयास गर्ने पितृसत्ताको वर्गीय चरित्र यस उद्धरणमा प्रस्तुत भएको छ । समाज र सामाजिक संरचनामा अधीनस्थ चरित्र र त्यसैको पृष्ठभूमिका रहेको आफ्नो व्यक्तित्व स्थापनाका लागि परिवारका सदस्यमाथि नै आक्रमण र अतिक्रमण गर्ने पुरुषको पितृसत्तात्मक चरित्र प्रस्तुत गर्ने यस उद्धरणमा पुरुषको वास्तविक पहिचान नै पराश्रित र मूल्यहीन मूल्यमा आफूलाई बेच्ने वर्गीय र लैङ्गिक चरित्र रहेको यथार्थ प्रस्तुत भएको छ । समाज र सामाजिक संस्कृतिसँग सङ्घर्ष गर्न नसक्ने पुरुषत्व अर्थात् पुरुषको अस्तित्व शून्यप्राय: रहेको सन्दर्भ प्रस्तुत गर्ने यस उद्धरणमा त्यसको अपयशको भागीदार नारी र बालबालिका बन्नुपर्ने तथा पितृसत्तामा निस्सहाय बनेको पुरुषको चरित्रका माध्यमबाट पितृसत्ताको वास्तविकता मुखरित भएको छ । नारीलाई भोग्या र उपभोगको वस्तु मान्ने पुरुष समाज आफैँमा शक्तिहीन रहे पनि आफ्नो सत्ता र नारीमाथिको आधिपत्यलाई स्थापित गर्न सङ्घर्षशील रहेको वस्तुता अभिव्यञ्जित समकालीन नेपाली नारी कविता विषय र भाव प्रस्तुतिका कोणबाट सशक्त अभिव्यक्ति हुन् । नारी पुरुषका भोग्या मात्र हुन् यिनको वास्तविकता पुरुषमै अन्तरनिर्भर छ भन्ने मान्यताबाट ग्रस्त पुरुष मानसिकता र सत्ताको अभिव्यञ्जना निम्न कवितांशमा प्रस्तुत भएको छ :

प्रिय फोटोग्राफर
मेरो तस्बीर खिच
विनापरिश्रमकी कामदार म
बच्चा जन्माउने मेसिन
कस्ती देखिन्छु
सादा वा रङ्गीन ?
प्रिय फोटोग्राफर !
मेरो तस्बीर खिच ।

परियार, मेरो तस्बीर खिच, समकालीन प्रतिनिधि नेपाली नारी कविता, पृ. १०५

नारी वास्तविकतामा पुरुषकै समानान्तर सत्ता रहे पनि सामाजिक संरचनामा यिनको भूमिकालाई निस्तेज गरी पुरुषकी भोग्या, प्रजनन अधिकारमाथि पुरुषको नियन्त्रणका कारण किनारीकृत सत्तासम्बन्धका अतिरिक्त पुरुषकै इच्छाबमोजिम आफूलाई रूपान्तरण गर्नुपर्ने पितृसत्ताबाट उत्पीडित

रहेको आवाज यस उद्धरणमा प्रस्तुत भएको छ । नारी पुरुषकै तुलनामा सामाजिक अभ्यास र संस्कृतिको हकदार रहे पनि परम्परा र संस्कृतिका आडमा हुने यसप्रकारको उत्पीडनप्रति खेद एवम् आक्रोस प्रस्तुत भएको यस उद्धरणमा नारीसौन्दर्यको महिमामण्डन गरेर नथाक्ने पुरुष अभ्यन्तरमा नारीमाथि जुनसुकै प्रकृतिको दमन गर्न पछि नहट्ने पूर्वाग्रहपूर्ण सोचबाट ग्रस्त रहेको समकालीन यथार्थ प्रस्तुत भएको छ । नारीलाई विषय स्वीकार नगर्ने समाजव्यवस्था पितृसत्ताप्रदत्त विचारधारा र संस्कृतिबाट सञ्चालित छ भने नारी केवल पुरुषको अनुग्रहबाट मात्र अस्तित्वमा छन् भन्ने भ्रम र त्यही भ्रमबाट उत्पन्न भयका कारण लैङ्गिक दमनतर्फ अभिप्रेरित रहेको दृष्टान्त पनि यस उद्धरणको अन्तर्वस्तु हो । समकालीन नेपाली नारी कविका कवितामा लैङ्गिक सहअस्तित्वलाई अस्वीकार गर्ने पुरुष मानसिकताले नारी हुनुको तात्पर्यलाई बोध गर्न नसकेको पितृसत्तात्मक विचारको प्रस्तुति निम्न कवितांशमा प्रस्तुत भएको छ :

मेरो विवशतामा अहिले तिमी
- जति नै हाँसे तापनि
मेरो बाध्यतामा अहिले तिमी
-जति नै नाचे तापनि
जित त आखिर मेरो नै हुने हो
हार त आखिर तिम्रो नै हुने हो

शेरचन, (२०७४). समुद्र र बादल. प्रज्ञा आधुनिक नेपाली कविता. पृ. ४०७

नारीका विवशता, बाध्यता र पीडालाई अनुभव गर्न नसक्ने पुरुष चरित्रको भूमिकामाथि प्रश्नचिह्न उठाउने यस उद्धरणमा नारीको प्राकृतिक निर्मितिलाई कमजोर ठान्ने पुरुषकेन्द्री भाष्य नै पराधीन रहेको तथा परिवर्तित प्रक्रियामा पनि नारीलाई अस्तित्वशाली नमान्ने संस्कृतिको पराजय निश्चित रहेको यथार्थ प्रस्तुत भएको छ । यसका अतिरिक्त पुरुषको पौरुषलाई शक्तिप्रदान गर्ने विचार धाराका कारण पुरुषमा आएको अहम्को उत्कर्षसँगै त्यसको अवनति पनि निर्धारित प्रक्रिया रहेकाले सावधान रहन चेतावनी दिने यस उद्धरणमा नारीको सहनशीलता र क्षमाशीलतालाई कमजोरी ठान्ने पितृसत्ताको परजय निश्चित रहेको विषय प्रस्तुत भएको छ । यसप्रकार समकालीन नेपाली नारी कविका कविताको मुख्य विषयवस्तुका रूपमा रहेको पितृसत्ता अधिकतर रचनामा प्रवाहित रहेको छ भन्न सकिन्छ ।

### कवितामा प्रतिनिधित्व र सत्तासम्बन्ध

प्रतिनिधित्व राजनीतिक विषयबाट साहित्यको समालोचनामा स्थापित भएको विषय हो । नेपाली नारी कविका कवितामा लैङ्गिक प्रतिनिधित्व सघन रूपमा प्रस्तुत भएको छ । नारी कविका कविताले लैङ्गिक प्रतिनिधित्वका रूपमा नारीपुरुषको विषयलाई प्रस्तुत गरेको छ । कवितामा सहभागीका रूपमा चित्रण भएका नारी र पुरुषको भूमिका अधिकतर शासक-शासित सत्तासम्बन्धमा केन्द्रित रहेको तथ्य प्रस्तुत गर्ने कवितामा पुरुषको दमनकारी भूमिका तथा नारीमा प्रतिरोध चेतनाको अभिव्यञ्जना भएका कविताको प्रस्तुति रहेको छ । जैविक संरचनालाई संस्कृतीकरण गरी पुरुषलाई शासक र

नारीलाई पुरुषमा आश्रित मान्ने विचारधारा र त्यसको अभ्यन्तरमा नारीमाथि हुने विभेदसहितको सामाजिक समूहको प्रतिनिधित्व नारी स्रष्टाका सिर्जनामा अभिव्यञ्जित भएका छन् । नेपाली समाजव्यवस्थामा बहुलैङ्गिक प्रतिनिधित्व प्रणालीभित्र पुरुष, नारी, सन्दिग्ध, तेस्रोलिङ्गी, समलिङ्गीजस्ता लैङ्गिक निर्मिति रहेको तथा यसको प्रतिनिधित्व अधिकारसहित सुनिश्चित गरिनुपर्ने आवाज उठे पनि यो विषय सङ्घर्षकै अवस्थामा रहेको छ । नेपाली नारी कविका कवितामा प्रतिबिम्बन भएको प्रतिनिधित्वको प्रणाली द्विलिङ्गी सामाजिक संरचनामा विभाजित रहेको तथा नारी प्रतिनिधित्व अधिनस्थ नै रहेको विषयलाई निम्नलिखित उद्धरणले प्रस्तुत गरेको छ :

तिमी जति गर्न सक्छौ
त्यति म पनि गर्न सक्छु
तिमी जत्तिकै पाखुरी बजार्न सक्छु
पसिना बगाउन सक्छु
तिम्रा सबै अनुभूतिहरू
मेरा पनि अनुभूति
तर इतिहासले आज
कहाँ ल्याएर पछार्‍यो कुन्नि मलाई
तिमी त मभन्दा कोसौँ अघि गइसकेछौं ।

पारिजात (२०७४). मानुषी. प्रज्ञा आधुनिक नेपाली कविता. पृ. ११९-१२०

विजेताको इतिहास लेख्ने त्रुटिपूर्ण पद्धति तथा समाजमा पुरुषसत्तालाई स्थापित गर्ने प्रयोजनबाट निर्माण गरिएको सांस्कृतिक अभ्यासका कारण नारीको सामाजिक अप्रतिनिधित्व प्रस्तुत गर्ने यस उद्धरणमा समाज निर्माणमा पुरुषकै समानान्तर नारी भूमिका रहे पनि त्यो विषय उपेक्षित रहेको सन्दर्भ प्रस्तुत भएको छ । समाज पुरुषको मात्रै हो तथा नारीको भूमिका पुरुषका सामु केही होइन भन्ने सांस्कृतिक अभ्यासका कारण अप्रतिनिधित्वमा परेका नारीको किनाराको आवाज सत्ताका सामु निरीह नै रहेको पक्ष उपर्युक्त उद्धरणमा प्रस्तुत भएको छ । नारीले समाज निर्माणको प्रक्रियामा पुर्‍याएको योगदानलाई पुनरुत्पादनमा सीमित गरी प्रतिनिधित्वविहीन तुल्याउने तथा शासितमा मात्र राख्ने पूर्वाग्रहपूर्ण दमनविरुद्ध प्रतिरोधी चेतना पनि यस उद्धरणको अन्तर्वस्तुमा प्राप्त गर्न सकिन्छ । यसका अतिरिक्त नारीको त्यागका कारण स्थापित भएको पितृसत्ता तथा सत्ता हस्तान्तरणपछि नारीलाई पुरुषको भोग्याका रूपमा मात्र प्रस्तुत गर्ने संस्कृतिप्रति प्रतिरोध पनि यस उद्धरणमा समावेश भएको छ । नारी केवल घरमा बस्ने तथा पुरुषको सेवासुश्रुषाका लागि निर्मित वस्तु हो भन्ने पुरुषकेन्द्री वर्चस्व विरोधी अभिव्यक्तिका माध्यमबाट नारी प्रतिनिधित्व पुरुषकै समानान्तर शक्तिशाली छ भन्ने पक्ष कविताका निम्नलिखित अंशमा मुखरित भएको छ :

सधैँसधैँ
घरका धुरीहरूमा
बारका घाँचाहरूमा

आँगनहरूमा, बार्दलीहरूमा
घाँटी तन्काउँदै, सिउर हल्लाउँदै
बास्ने काम त भालेको हो
आवाज उकास्ने काम भालेको हो ।
पोथीले मात्र कुर्कुराउनुपर्छ
आक्रोसका घुड्का चुपचाप निल्नुपर्छ
अन्डा पार्नुपर्छ
ओथारो बस्नुपर्छ
चल्ला काढ्नु अनि तन्मयतापूर्वक बच्चा हुर्काउनुपर्छ
उन्मुक्त हाँसो हाँस्नु हुँदैन
पोथी बास्नु हुँदैन ।

शर्मा, कुन्ता (२०७४). पोथी बास्नु हुँदैन. प्रज्ञा आधुनिक नेपाली कविता. पृ. २६१

नेपाली समाजको संरचना परम्परामा आधारित रहेको तथा यसले पुरुषलाई वर्चस्वशाली र नारीलाई आधीन मान्ने संस्कृतिको अभ्यास गरेका कारण नारी अप्रतिनिधित्वको शिकार भएको विषय यस उद्धरणमा प्रस्तुत भएको छ । नारीलाई घरायसी काममा आबद्ध गराई उत्पादन प्रक्रियाको श्रेय पुरुषमा निहित रहेको विचारधारा निर्माण गर्ने पुरुषकेन्द्री भाष्यमा नारीको भूमिका केवल पराश्रित नै छ । यस सन्दर्भमा नारी भूमिकाको तात्पर्य पुरुषकी भोग्या र कठपुतली भएर रहनुपर्ने तथा मालिकका रूपमा परिवार र समाजमा आधिपत्य स्थापित गर्ने पुरुषका सामु नारीले दमित अवस्थामा नै जिजीविषा गर्नु पर्ने नारीको विगत र वर्तमान यस उद्धरणमा चित्रण भएको छ । पुरुषकी यौनदासीको भूमिकामा रहनु तथा सन्तान उत्पादन गर्नुभन्दा बाहेक अन्य विषयमा आफ्ना तर्क राख्नु पुरुष दम्भ विपरीत कार्य रहेकाले यस्तो प्रतिरोधी चेतनाको औचित्य नरहने पुरुषकेन्द्री वर्चस्वविरुद्ध कुनै चेतना निरर्थक हुने सामाजिक सन्दर्भ यस उद्धरणको अन्तर्वस्तु हो । नारीपुरुषको समान प्रतिनिधित्व तथा भूमिका स्थापित हुनुपर्ने आवाज प्रस्तुत भएको यस उद्धरणमा नारीलाई पुरुषको आधीन तुल्याउने सबैप्रकारका विभेदकारी प्रभुत्वमाथि प्रहार त भएकै छ यसका साथै नारीका लागि नारीले नै आफ्ना आवाज प्रस्तुत गर्नुपर्ने आह्वान पनि भएको छ । पुरुषको सर्वसत्तावादी नियन्त्रण तथा दमनका लागि सत्ताले उत्पादन गरेको दमनकारी ज्ञानका विरुद्ध किनारीकृत समूहको प्रतिनिधित्व गर्ने नारीको भूमिका चुह्लोचौको र सन्तान उत्पादनमा सीमित रही तिनका बाञ्छित आवाज पनि दमनमा परेको यथार्थको प्रस्तुति उपर्युक्त उद्धरणमा भएको छ । पुरुष प्रतिनिधित्व पनि नारीको सहकार्य बिना अपूर्ण रहने प्राकृतिक विधानको उपेक्षा गर्ने पुरुषको शोसक प्रवृत्ति तथा लिङ्गगत सर्वोच्चताको परिभाषाले स्थापित गरेको दम्भका कारण टाक्सिएको पुरुषको नियति र नारी अप्रतिनिधित्वलाई निम्नलिखित कविताांशले प्रस्तुत गरेका छन् :

बिहानी मिर्मिरेसँगै
काँधमा जुवा राखेर
साँझको घाम नडुबुन्जेल

साह्रो खेतलाई
पसिनाको रारा चुहाएर जोत्ने
तिमीहरू गोरू हौ
तिमीहरूको विश्रामस्थल
मात्र रातको ओत
तापनि घरका मानिस बनेर
गाई, बाच्छा, बाच्छीलाई
हेप्ने गर्छौ
प्रभुत्व जमाउने गर्छौ

शर्मा, २०७४, लोग्ने मानिसहरू, प्रज्ञा आधुनिक नेपाली कविता, पृ. ३०१

पुरुष वर्चस्व तथा त्यसको विचारधारात्मक दमनका कारण अधिनस्थ तुल्याइएका नारीको भूमिका जति दयनीय अर्थात् दमनमा परेको छ त्यो सामाजिक संरचनामा पुरुष प्रतिनिधित्व पनि दयनीय नै रहने विषय यस उद्धरणमा प्रस्तुत भएको छ। यस उद्धरणले पुरुषको भूमिका दमित नै रहेको परिप्रेक्ष्यमा पनि तिनको पारिवारिक भूमिका दमनकारी हुने तथा शासकका रूपमा आफूलाई प्रस्तुत गरी नियन्त्रणमा लिने पुरुष, नारी तथा साङ्केतिक रूपमा बालबालिकाको प्रतिनिधित्वलाई सुनिश्चित गरेको छ। जैविक संरचनामा आधारमा निर्माण भएको निर्मितिलाई संस्कृतीकरण गरी पुरुषलाई शक्तिशाली तुल्याउने सामाजिक संरचनामा नारीकै तुलनीय भूमिकाविहीन पुरुष पनि नारी र बालबालिकाप्रति दमनकारी सत्तासम्बन्धलाई निरन्तरता दिन अभ्यस्त रहेको विषय यस उद्धरणमा प्रस्तुत भएको छ। नेपाली नारी कविका कवितामा नारी आफ्ना इच्छाआकाङ्क्षालाई दमन गर्ने पुरुषप्रति उदार रहे पनि पुरुषको भूमिका शासक तथा दमनकारी नै रहेको यथार्थ प्रस्तुतिमा केन्द्रित छन्। नारीले आफ्नो दायित्व निर्वाह गरिसकेपछि पनि पुरुषको दमनकारी सत्तासम्बन्धलाई स्वीकार गर्नुपर्ने बाध्यात्मक विचारधारा तथा ज्ञानको प्रसारणले नारी प्रतिनिधित्व र सामाजिकीकरणको प्रक्रिया पनि प्रभावित रहेको विषय नारी कविका कवितामा अभिव्यञ्जित अन्तर्वस्तु हो। पुरुषको वर्चस्व तथा प्रतिष्ठा नारीभूमिकामा रहने एवम् नारीले पुरुषप्रतिष्ठा जोगाई उसलाई महिमामण्डित गर्नुपर्ने विभेदकारी सांस्कृतिक अभ्यासका कारण नारी प्रतिनिधित्व पुरुष नियन्त्रित संरचना रहेको विषय नारी कविका कवितामा मुखरित भएका छन्। नारी त केवल पुरुषकी भोग्या मात्र रहेको तथा नारीभूमिका पुरुषकै केन्द्रमा रहनुपर्ने अवस्थाको चित्रण निम्न कवितांशमा प्रस्तुत भएको छ :

तिम्रो मर्यादाको पालक म
तिम्रो कुलको चालक
तिम्रो सन्तानलाई जन्म दिने
कस्ती देखिन्छु ?
धार्मिक क्यामेराको केन्द्रमा
कठपुतली कि युग बनाउने जननी

प्रिय फोटोग्राफर !
मेरो तस्बीर खिच ।

परियार, मेरो तस्बीर खिच, समकालीन प्रतिनिधि नेपाली नारी कविता, पृ. १०५

समाज विकासको क्रममा नारीबाट पाएको सत्ताको गलत उपयोग तथा पुरुषकेन्द्री विचारधाराको अभ्यासलाई संस्थागत गर्ने सन्दर्भमा पुरुषको नारीमाथिको लैङ्गिक नियन्त्रण, भोग र सेवाप्रदायक वस्तुमा परिभाषित एवम् व्यवहार गर्ने विभेदकारी अभ्यासका कारण नारी, समलिङ्गी, सन्दिग्ध, तेस्रोलिङ्गी सामाजिक उपसमूहको भूमिका अधीनस्थ नै रहेको छ । नेपाली सामाजिक सन्दर्भमा परम्परानिष्ठ मनुवादी लिङ्गव्यवस्थाको अभ्यास तथा त्यसले उत्पादन गरेको ज्ञानको प्रसारणका कारण नारी प्रतिनिधित्व शासित अर्थात् पुरुषकै नियन्त्रित वस्तुका रूपमा व्यवहार गरिने विधान विरुद्ध नेपाली नारी कविका कविताले प्रतिरोध प्रस्तुत गरेका छन् । लिङ्गकेन्द्री संस्कृति र त्यसमा पुरुषलाई शक्तिशाली तुल्याउने अभ्यासका कारण नारी दमित र दासी नै रहेको विषय उपर्युक्त उद्धरणमा समेटिएको विषयवस्तु हो । पुरुषका प्रत्येक उत्पादन र पुनरुत्पादनमा समानान्तर सहयात्री रहने नारी घरघरानामा मात्र सीमित हुनु, तिनको उत्पादनमुखी कार्य र क्रियाकलापको मूल्याङ्कन नहुनु तथा नारी संवेदनालाई कलङ्कका रूपमा परिभाषित गर्ने प्रक्रियाले नारी प्रतिनिधित्व पुरुष नियन्त्रित रहेको तथ्यलाई प्रकाशित त गर्छ नै यसका अतिरिक्त नारीमाथि पुरुषको दमन तथा विभेदकारी नियन्त्रणको सामाजिक अभ्यासलाई पनि प्रस्तुत गर्दछ । पुरुषमा परनिर्भर नारीअस्तित्व र अनुभूतिमाथि समेत नियन्त्रण गर्ने पुरुषकेन्द्री विचारधाराका कारण नारी सन्तान जन्माउने, तिनलाई हुर्काउने, पुरुषका इसारामा काम गर्ने, घरव्यवहार र पासरवारको सेवा गर्नेजस्ता उत्पादन प्रक्रियामा मापन नहुने कार्यमा सीमित छन् । परिणाममुखी कार्य गर्ने पुरुषका साम् घरायसी भूमिकामा सीमित नारीलाई परिमाणका आधारमा गरिने व्यवहार किनारीकृत गर्ने आधार बनेको छ भने पुरुषको चरित्रलाई महिमामण्डन गरिरहनुपर्ने व्यवस्थाका कारण नारीमाथि हुने विभेद अधिनस्थतालाई संस्थागत गर्ने प्रक्रिया रहेको विषय नारी कविका कवितामा प्रस्तुत भएकै छन् । जैविक निर्मितिलाई संस्कृतीकरण गरी निर्माण भएका सामाजिक र परम्परागत विचारधाराका कारण नारीअस्तित्वसमेत सङ्कटमा रहेको तथा त्यसविरुद्ध सशक्त प्रतिरोधी आवाजका माध्यमबाट नारी प्रतिनिधित्व स्थापित हुनुपर्दछ भन्ने दृष्टिकोण निम्न कविताांशमा प्रस्तुत भएको छ ।

भ्रमको खेतीमा रमाउँछौ तिमी
वास्तविकतामा रमाउने गर्छु म
तिमीलाई हावाको एक झोक्का पनि
उडाएर लैजान सक्छ
तर, मेरो अस्तित्वलाई भने
- कसैले उडाउन सक्तैन

शेरचन, (२०७४). समुद्र र बादल. प्रज्ञा आधुनिक नेपाली कविता. पृ. ४०८

पुरुष सत्तामा छ भने उसको शासकीय प्रवृत्ति समाज, संस्कृति, प्रथा, परम्परा, सामाजिक अभ्यास र विचारधाराका रूपमा नारीमाथि दमनकारी नियन्त्रणका माध्यमबाट सञ्चालित रहेका छन् । नारीमाथि हरेक प्रकारले हुने नियन्त्रणको प्रयासमा पुरुष सत्ताको केन्द्रमै रहने तथा नारीभूमिका अधिनस्थ नै रहने सामाजिक अभ्यास रहेको छ । समकालीन नेपाली नारी कविका कविताले पुरुषको शासक हूँ भन्ने दम्भका विरुद्ध सशक्त प्रहार गरी तिनको विचारधारात्मक र सांस्कृतिक नियन्त्रणभन्दा भिन्न लैङ्गिक समानता र पुरुषकै तुलनामा सक्षम बन्दै गएको सन्दर्भलाई प्रस्तुत गरेको छ । नारी पुरुषमा परनिर्भर छन् भन्ने विश्वास समाप्त हुन कत्ति पनि समय लाग्दैन यदि नारी विद्रोहमा उत्रिई भने पुरुषको स्थिति अहिले नारीको जुन अवस्था छ त्योभन्दा पनि विभत्स बन्न सक्दछ भन्ने प्रतिरोधी आवाजसहित नारी प्रतिनिधित्व सांस्कृतिक अभ्यासमा आउन लागेको विषय उपर्युक्त कवितांशमा प्रस्तुत भएको छ । पुरुष शक्तिशाली छ र ऊ नै शासक हो भन्ने विश्वासलाई परिवर्तन गर्ने हो भने पुरुषको शासकीय भूमिका समाप्त हुन कत्ति समय नलाग्ने अन्तर्वस्तु समेटेको प्रस्तुत कवितांशले नारीप्रभुत्वका आधारमा नारी प्रतिनिधित्व स्थापित गर्नुपर्ने आवाज प्रस्तुत गरेको छ ।

**कवितामा विचारधारा**

विचारधारा सामाजिक संरचनामा प्रभुत्व स्थापित गर्ने माध्यम हो भने सत्ता र अधिनस्थताको विषयलाई संस्कृतीकरण गर्ने प्रभावकारी माध्यमका रूपमा यसलाई लिइन्छ । विचारधारा सामाजिक संरचनामा उपरि संरचनासँग सम्बन्धित विषय रहने पक्षको पृष्ठपोषण मार्क्सवादले स्वीकार गरेको छ भने साहित्यमा विचारधाराको बिस्तार विचारधारात्मक अङ्गका रूपमा प्राप्त हुने विषय हो । समकालीन नेपाली नारी कविका कवितामा विचारधाराको प्रतिबिम्बन सामाजिक संस्कृतिका रूपमा अभ्यासमा रहेका विभिन्न प्रक्रिया र प्रणालीसँग सम्बन्धित विषयका रूपमा प्रस्तुत भएको छ । समकालीन नारी कविका कवितामा नारीलाई नियन्त्रण गर्ने प्रयोजनबाट निर्माण भएका बाध्यकारी दमनात्मक र सहमतीय प्रभुत्व कायम गर्न बनेको विचारधारा र त्यसको संस्कृतीकरणका कारण नारीको अवस्था चित्रण भएको छ । नारी पुरुषको आधीन रहेको वस्तुतासँगै त्यसभित्रको कहालीलाग्दो स्थितिसँगै नारीलाई वस्तुकरण गरिएको विषय यस अवधिका कविताको अन्तर्वस्तु बनेको छ । विवाह र परिवार निर्माणको प्रक्रिया नारीमाथि दमन गर्ने पहिलो विचारधारात्मक खुट्किलो हो भने यसले नारीलाई उपभोग्य वस्तुका रूपमा एक ठाउँबाट अर्को ठाउँमा सजिलै लानसक्ने सांस्कृतिक अभ्यासलाई संस्थागत गरेको छ । प्रथा, प्रचलन र संस्कृतिका नाममा नारीमाथि हुने दमनात्मक विचारधारालाई निम्नलिखित कवितांशले प्रस्तुत गरेका छन् -

… … …
जसरी आज तिमी
दाइजोको लावालस्करसँग घुम्टोभित्र लुकाई
पशुलाई जस्तै रूवाउँदै भित्र्याउने गर्छौ,
त्यसैले तिमी यति विमुख न हौ
यति निर्दयी नबन,

यति बैगुनी न हौ,
म तिम्रो उत्पीडन बुझ्छु
आऊ आज हामी उत्पीडनहरू साटासाट गरौं
आज मानसिकताले एकाकार हौं
हामी एक-अर्काबिना बाँच्न सक्ने प्राणी होइनौं
म तिम्रो हातदह्रो गरी समाउँछु
तिमी मलाई तिमी पुगेको ठाउँसम्म पुऱ्याऊ
त्यहाँ, जहाँ तिमीलाई मैले
सभ्यताको आदिकालमा पुऱ्याइसकेकी थिएँ ।

पारिजात (२०७४). मानुषी. प्रज्ञा आधुनिक नेपाली कविता. पृ. १२१

विवाह एउटा सामाजिक संस्था हो भने प्रतिनिधित्वका कोणबाट यो पुरुषकेन्द्री सत्तालाई स्थापित गर्ने निर्विकल्प अभ्यासका रूपमा स्थापित रहेको छ । यही विवाह संस्थाले नारीमाथि विचारधारात्मक दमन गरी अधिनस्थ तुल्याउनदेखि नारीलाई वञ्चितीकरण गर्ने अभ्यास नेपाली सामाजिक संरचनामा अभ्यस्त रहेको विषय यस उद्धरणमा प्रस्तुत भएको छ । नेपाली समाजमा नारीमाथि नियन्त्रण गर्ने पहिलो अभ्यासका रूपमा समाजमा प्रचलित धर्म र संस्कृतिका नाममा भएको छ । मानव सभ्यता विकासको आदिकालमा पुरुषलाई अधिकारसम्पन्न तुल्याउने नारीको जीवनलाई दासत्वसम्म पुऱ्याउने मानव सभ्यताको कलङ्कित विचारधाराका रूपमा स्थापित पुरुषको दमनकारी विचारधारा विरुद्ध आवाज प्रस्तुत भएको यस कवितांशमा नारीपुरुष सहकार्यबाट नै लैङ्गिक असहमति तथा विभेदको अन्त्य हुने अवधारणा प्रस्तुत भएको छ । नारीलाई उपभोग गर्ने विचारधारा र त्यसको संस्कृतीकरण नारीपुरुष सहअस्तित्वलाई निमूल पार्ने अभ्यास मात्र रहेको अवधारणा प्रस्तुत गर्ने यस उद्धरणले पारस्परिक सहकार्य र समान भूमिका मात्रै विचारधारात्मक दमन र अभ्यासबाट उन्मुक्तिको मार्ग रहने दृष्टिकोण प्रस्तुत गरेको छ । लिङ्गका आधारमा विभाजित समकालीन सामाजिक संरचनामा नारीको भूमिका प्रभावहीन तथा पुरुषको शक्तिशाली देखाउने परम्पराका कारण नारीआवाज दमित रहेको तथा यसको न्यूनीकरण निर्विकल्प लैङ्गिक सहअस्तित्व र समानताबाट मात्रै सम्भव रहेकाले परम्परित विचारधाराको औचित्य नै नरहेको दृष्टिकोण उपर्युक्त उद्धरणको अभ्यन्तरमा अभिव्यञ्जिन सशक्त आवाज हो । समाज र संस्कृतिले नारीमाथि गरेको परहेजको विभेदकारी विचारधारा र दमन नै पुरुषलाई सर्वशक्तिमान बनाउने आधार रहेको वर्तमान समाज व्यवस्थामा नारीका आवाज र लैङ्गिकताको विषय केवल फोस्रा आवाज मात्र हुन् तिनको औचित्य नरहेको समकालीन समाजव्यवस्थामा नारी सांस्कृतिक रूपले नै दमित छन् भन्ने विषय निम्नलिखित कवितांशमा प्रस्तुत भएको छ :

तौलीतौली बोल्नुपर्छ
शब्दमा आदरभाव घोल्नुपर्छ
पाउमा निहुरिनुपर्छ
दासताको फूल सिउरिनुपर्छ

लक्ष्मणरेखा नाघ्नु हुँदैन
अधिकार माग्नु हुँदैन
पोथी बास्नु हुँदैन ।

शर्मा, कुन्ता (२०७४). पोथी बास्नु हुँदैन. प्रज्ञा आधुनिक नेपाली कविता. पृ. २६२

समकालीन नेपाली समाजमा नारीको वास्तविकता अभिव्यञ्जित भएको यस कवितांशमा नारी कुन भूमिकामा कसरी जीवनयापन गरिरहेका छन् भन्ने पक्षको वस्तुवादी चित्रण भएको छ । नारीलाई जुत्ताको तलुवा मान्ने र त्यसको कुनै सिर्जनात्मक भूमिकामथि प्रश्नचिह्न लगाउने सामाजिक अभ्यास तथा सोही प्रकृतिको ज्ञाननिर्माणको अभ्यास नै विचारधारात्मक रूपमा नारीमाथि नियन्त्रण गर्ने पद्धतिमा रूपान्तर भएको पक्ष यस साक्ष्यमा प्रस्तुत भएको छ । यस कवितांशले नेपालको मात्र नभई समकालीन समाजमा विचारधारात्मक रूपमा पुरुषको आधिपत्य र नारीका आवाज कसरी दमित भएका छन् भन्ने यथार्थलाई प्रष्ट पारेको छ । यसप्रकारको आवेपूर्ण कथन तथा अनुभूति निर्माणको आधार समाज र सामाजिक अभ्यासको अभ्यन्तरमा रहेको परम्पराप्रदत्त संस्कृतिको संस्थागत कार्यबाट सुनियोजित ढाँचामा वितरण भएका छन् । यसप्रकारको विभेदकारी सामाजिक अभ्यासले नारीलाई किनारीकृत गरी नारी दमनको विषयलाई संस्थागत गरेको छ । नारीपुरुषका लागि कठपुतली तथा तिनको उपभोगको वस्तुमात्र नभई पुरुषकै तुलनीय समानान्तर हरेक भूमिकाका लागि सक्षम रहे पनि तिनको आवाज सामाजिक संस्कृतिसँगै विचारधाराका नाममा दमित रहेको तथा यो अभ्यास आफैँमा दमनकारी भाष्य रहेको प्रतिरोधपूर्ण उद्देश्य यस उद्धरणमा प्रस्तुत भएको छ । पुरुषले आफूलाई शक्तिशाली र सत्ताको अविच्छिन्न उत्तराधिकारी ठाने पनि नारीसँगको सहकार्य र नारी सहअस्तित्वबिना पुरुष कुनै कामको वस्तु नरहेको विषय पनि नेपाली नारी कविका कवितामा प्रस्तुत भएको विषय हो । नारीअस्तित्व बिना पुरुष र उसको विचारधारा कुनै पनि दृष्टिकोणले सार्थकता प्राप्त नगर्ने विषय निम्नलिखित कवितांशमा प्रस्तुत भएको छ :

तिमीहरूलाई बललाई
प्रिय पत्नी सम्झेर
पूज्य परमेश्वर बोलेर
हातमा रिमोट लिँदै
आफ्नो इच्छाअनुकुल
च्यानल परिवर्तन गर्न सकिन्छ
तिमीहरू
मात्र टेलिभिजनका पर्दा

शर्मा, २०७४, लोग्ने मानिसहरू, प्रज्ञा आधुनिक नेपाली कविता, पृ. ३०२

सामाजिक सत्ताको केन्द्रमा रहेको पुरुषको भूमिका पारिवारिक संरचनामा शीर्ष रहे पनि तिनको वर्गीय चरित्र नारीकै समानान्तर रहेको पक्षको पृष्ठपोषण गर्ने यस उद्धरणमा नारीलाई विचारधारात्मक

ढाँचामा नियन्त्रण गर्नसक्ने पुरुष पारिवारिक सत्तामा नारी र बालबालिका माथि अधिनस्थता स्थापित गरी प्रभुत्व स्थापना गर्न उद्दत रहेको सन्दर्भ प्रस्तुत भएको छ। लैङ्गिक रूपमा विचारधारात्मक दमन तथा नियन्त्रणको अभ्यास परिवारबाटै आरम्भ भई समाजमा विस्तारित रहेको पक्षको पृष्ठपोषण गर्ने यस उद्धरणले परिवारमा नारीमाथि कसरी नियन्त्रण र नियन्त्रणको प्रयास गरिन्छ भन्ने तथ्यलाई प्रस्तुत गरेको छ। यस उद्धरणमा नारीले पुरुषको दमनलाई मौन रूपमा स्वीकार गर्नुको तात्पर्य पुरुषको सांस्कृतिक र विचारधारात्मक दमनलाई अङ्गीकार गर्नु मात्र होइन यो त पुरुषसत्ताका लागि चुनौति तथा सशक्त प्रतिकार रहेको विषयलाई रिमोटकन्ट्रोलबाट चल्ने टेलिभिजनसँग तुलना गर्दै पुरुष आफैँमा नारी नियन्त्रित भएर पनि नारीमाथि नै आधिपत्य स्थापित गरेको भ्रममा रहेको विषय प्रस्तुत भएको छ। नारी मौन रहेको सन्दर्भलाई नियन्त्रण र सत्ता स्थापना भएको ठानने पुरुष र तिनको मूर्खताप्रति व्यङ्ग्य प्रस्तुत भएको यस उद्धरणमा नारीपुरुष सहअस्तित्व नै लैङ्गिक मुद्दालाई समाधान गर्ने सर्वोत्तम माध्यम रहेको पक्ष समेटिएको छ। लैङ्गिक संरचनालाई संस्कृतीकरण गरी नारीलाई वस्तुकरण गर्ने परम्परागत विचारधाराप्रति प्रतिरोधपूर्ण भाव प्रस्तुत गर्ने नेपाली नारी कविका कवितामा विभेदकारी विचारधाराका आधारमा गरिने दमनको वास्तविक स्वरूप प्रस्तुत भएको छ। नारी केवल पुरुषको मनोरञ्जनका सामग्री मात्र हुन भन्ने कथित मान्यताको खण्डन निम्नलिखित कवितांशमा भएको छ :

रिमोटले नचाउँदा नाच्ने
खेलाउँदा खेल्ने।
तिम्रो नजरमा
सुनगाभाझैँ
तिमी शरीरमा टाँसिएर फुल्ने म
तिम्रो लैङ्गिक क्यामेराको स्क्रिनमा
कस्ती देखिएछु
प्रिय फोटोग्राफर !
मेरो तस्बीर खिच।

परियार, मेरो तस्बीर खिच, समकालीन प्रतिनिधि नेपाली नारी कविता, पृ. १०५

प्रस्तुत कवितांश जैविक निर्मितिका आधारमा नारीमाथि हुने असामान्य स्थितिको परिचायक रहेका नारीको वास्तविकतासँग सम्बन्धित छ। यस उद्धरणमा नारी पुरुषका भोग्या मात्र होइनन यी पुरुषका इसारामा नाच्ने कठपुतली हुन् भन्ने मान्यताबाट ग्रसित पुरुष समाज नारीसौन्दर्य र नारीका उत्पादनको आत्मरतिमा रमाउन अभ्यस्त रहेको सन्दर्भ प्रस्तुत भएको छ। परम्परा र संस्कृतिका आधारमा गरिने नारी दमनको यसप्रकारको शृङ्खलामा पुरुषको आधिपत्य देखिए पनि वास्तविकतामा पुरुषको वर्चस्व नारीकै सहनशीलता र मौनतामा जीवित रहेको वस्तुयथार्य प्रस्तुत भएको यस उद्धरणमा नारीको वस्तुकरण र नारीअस्तित्वविहीत पुरुषको वास्तविकता प्रस्तुत भएको छ। सौन्दर्य सशक्तीकरण र लैङ्गिक समविकासका नाममा भएका गतिविधि विचारधारात्मक दृष्टिले पुरुषलाई शक्तिशाली तुल्याउने प्रयोजनका लागि भएका हुन् भने यसप्रकारको ललिपपमा अल्भिएर नारीमुक्ति असम्भव रहेको विषयलाई

प्रतिरोधी आवाजका रूपमा प्रस्तुत गर्ने यस उद्धरणमा नारी अधिकारका लागि पुरुष सञ्चालित पद्धतिको भर्त्सना मुखरित भएको छ ।

## निष्कर्ष

नेपाली नारी कविका कवितामा नारीवाद मुख्यसमस्या रहेको यस अध्ययनमा पितृसत्ता, प्रतिनिधित्व र सत्तासम्बन्ध तथा विचारधाराका आधारमा कवितामा नारीवादको विश्लेषण भएको छ । नारीवाद अन्तरअनुशासनका रूपमा राजनीतिक्षेत्रबाट साहित्यमा आएको अनुशासन हो भने यसले सामाविक संरचनामा पितृसत्ता, नारीअस्तित्व, लैङ्गिक निर्मिति, नारी भूमिका, जैविक संरचनाका आधारमा हुने विभेद, उत्पीडन, लैङ्गिक समविकासको उपेक्षा, नारी प्रतिनिधित्व र पहिचान, पुरूष वर्चस्व, वर्चस्वप्रति प्रतिरोधका साथै लैङ्गिक संरचनाका आधारमा हुने असमानता विरोधी आन्दोलनको प्राप्ति हो । नारीवादअन्तर्गत पितृसत्ता, प्रतिनिधित्व र सत्तासम्बन्ध तथा विचारधाराका आधारमा नेपाली नारी कविका कवितामा नारीवादको विश्लेषण यसको ढाँचा हो । नेपाली नारी कविका कविताको प्रमुख अन्तर्वस्तु सामाजिक संरचनामा जब्बर भएर बसेको पितृसत्ता र त्यप्रतिको प्रतिरोधी कथनका माध्यमबाट पितृसत्ताको प्रस्तुतिमा केन्द्रित रहेको छ । नारीमैत्री भाष्यको अभाव तथा नारीलाई पुरुषकी भोग्या, तिनको सन्तानकी आमा र तिनको इसारामा चल्ने वस्तुका रूपमा हेर्ने दृष्टिकोण र पुरुषकै आधीन नारी रहनुपर्ने अभ्यासका कारण नारी भूमिका गतिहीन रहेको विषय प्रस्तुत भएका कवितामा पितृसत्ता र यसप्रति लक्ष्यित प्रतिरोध प्रस्तुत भएका छन् । लैङ्गिक संरचनाका आधारमा गरिने विभेद तथा त्यसका आधारमा निर्माण भएको प्रतिनिधित्वको प्रक्रिया त्रुटिपूर्ण रहेको विषय प्रस्तुत भएका नेपाली नारी कविका कवितामा लैङ्गिक समता, समानता, समविकास, अवसर, लैङ्गिक विभेदको अन्त्य, नारीको योगदानलाई संस्कृतिमा जोड्नुपर्ने आवाज प्रस्तुत भएका छन् । परम्परागत सामाजिक विश्वासका नाममा नारीमाथि स्थापित संस्कृतिको अन्त्य गरी समता र समानतायुक्त लैङ्गिक प्रतिनिधित्व स्थापित हुनुपर्ने आवाज  नेपाली नारी कविका कवितामा प्रतिध्वनित प्रतिनिधित्वको विषय हो भन्ने मान्न सकिन्छ । नेपाली नारी कविका कविता परम्परागत विचारधाराका आडमा नारीमाथि गरिने दमन तथा विभेदविरोधी अभिव्यक्तिका रूपमा प्रस्तुत भएका छन् । नेपाली नारी कविका अधिकतर सिर्जनामा लैङ्गिक सहअस्तित्व र परम्पराका नाममा नारीलाई वस्तुकरण गर्ने वा पुरुषका उपभोगका लागि निर्मित वस्तु नारी नभई यी पुरुषकै समानान्तर संरचना रहेको प्रतिरोधपूर्ण दृष्टिकोण प्रस्तुत भएको निष्कर्ष प्राप्त गर्न सकिन्छ ।

## सन्दर्भसूची


गिरी, अमर (२०७०), *सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा,* भृकुटी सांस्कृतिक अध्ययन विशेषाङ्क, पूर्णाङ्क १९, पृ. ११-४६ ।

परियार, पञ्चकुमारी (२०७४), *मेरो तस्बीर खिच, समकालीन प्रतिनिधि नेपाली नारी कविता,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पाण्डे, ज्ञानु (२०६९), *नेपाली उपन्यासमा लैङ्गिकता,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पारिजात (२०७४), *मानुषी, प्रज्ञा आधुनिक नेपाली कविता,* लक्ष्मणप्रसाद गौतम र  नेत्र एटम (सम्पा.), नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पोखरेल, बिन्दु र मीरा मिश्र (२०६७), *लैङ्गिक तथा महिलावादी अध्ययन,* चन्द्रा भद्रा (सम्पा.), अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा. लि. ।

भट्टराई, रमेशप्रसाद. (२०७०), *सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू,* भृकुटी सांस्कृतिक अध्ययन विशेषाङ्क, पूर्णाङ्क १९, पृ. ३३४-३६४ ।

भासिन, कमला (सन् २०११), *पितृसत्ता के हो ?,* प्रेमबहादुर श्रेष्ठ (अनु.), (तेस्रो संस्क.), स्त्रीशक्ति प्रकाशन ।

शर्मा, कुन्ता (२०७४), *पोथी बास्नु हुँदैन, प्रज्ञा आधुनिक नेपाली कविता,* लक्ष्मणप्रसाद गौतम र नेत्र एटम (सम्पा.), नेपाल प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, बेञ्जू (२०७४), *लोग्ने मानिसहरू प्रज्ञा आधुनिक नेपाली कविता,* लक्ष्मणप्रसाद गौतम र नेत्र एटम (सम्पा.), नेपाल प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०७८), *समालोचनाका नयाँ कोण,* ओरिएन्टल पब्लिकेसन्स ।

शेरचन, उषा (२०७४), *समुद्र र बादल, प्रज्ञा आधुनिक नेपाली कविता,* लक्ष्मणप्रसाद गौतम र नेत्र एटम (सम्पा.), नेपाल प्रज्ञा-प्रतिष्ठान ।

Gramsci, A. (2012). *The prison notebook* (11th Ed.). Lawrence & Bisehart.

Hall, S. (2010). *Representation and cultural representation*. Oxford University Press.

Larner, G. (1986). *The creation of patriarchy*. Oxford University Press.

Wollstoneencraft, M. (1992). *A vindication of women*. Rajkamal Publications.